म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ | अङ्क:- ११८ | २०७९ चैत ८ गते बुधबार 22 March 2023, Wednesday - | पृष्ठ ४ | मूल्य रु. ५/-

• सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं ।
• भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं ।
• सूचना प्रवाह गर्दा तथ्य जाँच गरी सही सूचना प्रवाह गरौं ।
• अनधिकृत रुपमा सूचना प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भदौमा बीमा गर्नेको संख्या बढी




समाज संवाददाता

हेटौंडाः भदौ महिनामा स्वास्थ्य बीमा गर्नेहरुको संख्या बढी रहेको पाइएको छ । हेटौंडा–२ स्थित स्वास्थ्य बीमा बोर्डको कार्यालयको रेकर्डअनुसार गतवर्ष अरु महिनाभन्दा भदौमा स्वास्थ्य बीमा बढी भएको देखिएको हो ।

विगतका वर्षहरुमा पनि भदौ महिनामा बीमा बढी हुने र फागुन महिनामा कम बिमा सुरुवात तथा नवीकरण हुने स्वास्थ्य बीमा बोर्डका दर्ता अधिकारी नरबहादुर अधिकारीले बताउनु भयो । फागुनमा बिमा कम दर्ता भए पनि १३ हजार ४ सय ३३ वटा नवीकरण र ३७ जना थपिएको उहाँले जानकारी दिनुभयो ।

एक वर्षमा ४ ओटा सर्कल (सेवा सुरु हुने समय) रहने गरेको उहाँले जानकारी दिनुभयो । भदौ, मंसिर, फागुन र जेठमा सेवा सुरु हुने उहाँको भनाई छ ।

गत वर्ष १ लाख ७१ हजार १ सय ५२ वटा बीमा दर्ता भएको छ । जसमध्ये ९३ हजार ३ सय २९ जना महिला छन् भने ८८ हजार १ सय १६ जना पुरुष रहेको अधिकारीले जानकारी दिनुभयो ।

बीमाबाट एक हजार एक सय ३६ किसिमको औषधी पाइन्छ । विविध संस्था र कर्मचारी थोरै भएकाले समस्या आइपर्ने अधिकारीले बताउनुभयो । समस्यासँगै दर्ता गर्ने मानिसको गुनासो औषधीसँग पनि रहेको अधिकारीले बताउनुभयो ।

'बीमाको औषधी सिमित हुन्छ । औषधी अस्पतालको व्यवस्थामा भरपर्छ', अधिकारीले भन्नुभयो– 'औषधी नपाए बीमाको गल्ती हुँदैन ।' स्वास्थ्य बीमा बोर्डबाट पैसाको भुक्तानी हुने र औषधी नपाए बीमा बोर्डको कमजोरी नहुने अधिकारीले बताउनुभयो ।

बीमाबाट उपलब्ध नहुने सेवाहरु वार्षिकरुपमा तोकेभन्दा बढी मूल्यको चश्मा, श्रवणयन्त्र, सेतो छडी र वैशाखी छन् । यस्तै, पोलेको, गम्भीर चोटपटकका लागि गरिने उपचार, ओठ, तालु काटिएकोमा गरिने सर्जरी बाहेकको प्लास्टिक तथा कस्मेटिक सर्जरी । दाँत निकाल्ने तथा दाँतको सामान्य चोटपटकको प्राथमिक व्यवस्थापनबाहेकको दन्त उपचार रहेको छ ।

अति गरिब, एचआइभी संक्रमित, कुष्ठरोगी, एमडीआर टिबी, अति अशक्त अपाङ्गता भएको परिवारलाई योगदान रकममा सतप्रतिशत छुटको व्यवस्था रहेको छ । तीबाट ९ सय ८८ जेष्ठ नागरिक, १ सय ६३ एचआइभी परिवारसहित एक जना कुष्ठरोगी परिवार, ३३३ अपाङ्गता परिवार र एमडीआर टिबीको लाभग्राही नभएको अधिकारीले जानकारी दिनुभयो ।

## जिल्ला ट्राफिक प्रहरी प्रमुखमा आचार्य



समाज संवाददाता

हेटौंडाः जिल्ला ट्राफिक कार्यालय मकवानपुरको प्रमुखको जिम्मेवारी प्रहरी निरीक्षक बसन्त आचार्यले सम्हाल्नु भएको छ । प्रहरी निरीक्षक आचार्यले सोमबार कार्यालयमा उपस्थित भएर ट्राफिक प्रहरीको जिम्मेवारी सम्हाल्नुभएको हो ।

आचार्य हाल अनुसन्धान ब्युरोबाट मकवानपुरमा सरुवा भएर आउनुभएको हो । आचार्यले चितवन र बाँके जिल्लामा इलाका प्रहरी कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भइसकेको छ । यसअघि मकवानपुरका ट्राफिक प्रमुख मुनेन्द्र थापा काठमाडौं उपत्यका ट्राफिक कार्यालयमा सरुवा भएर जानुभएको थियो । थापाले मकवानुरमा यस वर्षको बैशाख १ गतेदेखि ट्राफिक प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

## नामावली अद्यावधिक गर्ने शून्य



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश निर्वाचन कार्यालयमा मतदाता नामावली अद्यावधिक गर्न आउनेको संख्या शून्य भएको छ । प्रदेश निर्वाचन कार्यालयले फागुन २२ गतेदेखि चैत १ गतेसम्म सम्बन्धित वडाबाट मतदाता नामावली अद्यावधिक गर्ने सुविधा दिएको थियो ।

प्रदेश निर्वाचन कार्यालयले एकभन्दा बढी स्थानीय तहमा दोहोरो नामावाली भएकाहरुको, मृत्यु भएकाहरु, बसाइँसराइ वा विवाह भई अन्यत्र गएकाहरुको नाम हटाउन प्रदेश निर्वाचन कार्यालयमा सम्बन्धित अनुसूचीबमोजिमको फारम भरी बुझाउन पालिकाहरुमा सूचना पठाएको थियो ।

विभिन्न सूचनामार्फत् जानकारी दिएता पनि निर्वाचन कार्यालयमा एक पालिकाको बाहेक विवरण प्राप्त नभएको र अद्यावधिकका लागि पनि कार्यालयमा कुनै निवेदन नआएको बागमती प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

चैत्र ७ गतेसम्म मकवानपुरगढी गाउँपालिकाले मात्र तथ्यांक पठाएको छ ।

## मकवानपुर प्रहरीको हिरासतमा ७३ जना थुनुवा

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा हालसम्म ७३ जना थुनुवा रहेका छन् । विभिन्न मुद्दामा प्रहरीले थुनुवालाई हिरासतमा राखेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जनाकारी दिनुभयो ।

हिरासतमा एक सय जनाभन्दा धेरै थुनुवा राख्नसक्ने क्षमता भएको कार्कीले बताउनुभयो । हिरासतमा रहेका थुनुवामध्ये ७० प्रतिशत लागूऔषध मुद्धाका रहेका छन् । लागूऔषधको २० वटा मुद्धामा ४३ जना थुनुवा रहेको कार्कीको भनाई रहेको छ । लागूऔषध मुद्धामा प्रहरीले हिरासतमा ९० दिनसम्म थुनुवाको रुपमा राख्ने गरेको छ ।

यस्तै, कार्यालयमा रहेको थुनुवामध्ये चोरीको ३ वटा मुद्धा दायर भएको छ । यस्तै, जबरजस्ती करणीमा एक मुद्धा, आत्मदाहा दुरुत्साहनमा एक मुद्धा, सवारी ज्यानमा २ वटा मुद्धा, बाल यौन दुरुपयोगमा एक मुद्धा, अभद्र व्यवहारमा ७ वटा मुद्धा, ज्यान मार्ने उद्योगमा १ वटा र बैंकिङ कसुरमा १ वटा मुद्धा कार्यालयमा दर्ता भएको कार्कीले बताउनुभयो ।

विभिन्न मुद्धामा रहेका थुनुवामध्ये ५ जना महिला रहेका छन् । आत्मदाहको मुद्धामा एक जना र लागूऔषधको मुद्धामा ४ जना महिला रहेका छन् । पछिल्लो समय लागूऔषधको मुद्धा बढ्दै गएको छ । लागूऔषधको मुद्धा बढ्नुमा प्रहरीको सक्रियता धेरै रहेको कार्कीले बताउनुभयो ।

प्रहरीको सक्रियताबाट धेरै मानिसलाई नियन्त्रणमा लिन सफल भएको छ । मानिसहरुमा लागूऔषधसम्बन्धी कानुनी ज्ञानको अभाव हुनु, गरिबी, बेरोजगारी भएको कारणले गर्दा पनि लागूऔषधको मुद्धा बढ्दै गएको छ ।

## काभ्रेमा फ्रान्सेली महिलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रे नगरपलिका–१, नमोबुद्धमा एकजना फ्रान्सेली महिलाको मृत्यु भएको छ । नमोबुद्ध गुम्बाको गेष्ट हाउसको २०१ नम्बरको कोठामा चैत्र ३ गतेदेखि बस्दै आएकी ६९ वर्षीया महिलाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

२३ जना महिला टोलीसहित नमोबुद्धस्थित श्री दक्षिणनारायण विद्यालयमा सहयोगका लागि आएकोमा आइतबार अचानक बिरामी भई उपचारका लागि धुलिखेल अस्पताल लगिएको थियो । उपचारको क्रममा महिलालाई सोमबार दिउँसो १ बजे डाक्टरले मृत्यु भएको घोषणा गरेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ ।

## बोलेरोको ठक्करबाट घाइते भएका अनिलको मृत्यु

समाज संवाददाता

हेटौंडाः बोलेरोको ठक्करबाट घाइते भएका अनिल श्रेष्ठको मृत्यु भएको छ । आइतबार हेटौंडा–८, ओमनगरस्थित छाला फ्याक्ट्रीबाट ओमनगर गेटतर्फ जाँदै गरेको बा १२ च ९७८६ नम्बरको बोलेरोले जितबहादुर सारु मगरको घर अगाडि पार्किङ गरिराखेको बाप्र ०३–००१ प ६२६५ नम्बरको स्कुटर र सोही स्थानका उत्तमबहादुर श्रेष्ठको छोरा १४ वर्षीय अनिल श्रेष्ठलाई ठक्कर दिएको थियो ।

बोलेरोको ठक्करबाट हात, खुट्टा र टाउकोमा चोट लागि गम्भीर घाइते भएका अनिललाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएको थियो । उपचारको क्रममा अनिललाई सोमबार दिउँसो १२ बजेर ३० मिनेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

हार्दिक बधाई



स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचनबाट मकवानपुर बहुमुखी क्याम्पसको अध्यक्षमा निर्वाचित छोइसाङ लामा निर्वाचित हुनु भएकोमा उहाँलगायत सम्पूर्ण निर्वाचित समितिका पदाधिकारी तथा सदस्यहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

नेत्रप्रसाद खतिवडा, अध्यक्ष
एवम् कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा–२, नगरपालिकारोड
०५७–५२४६९४/९८४३०२८६३५

# सम्पादकीय

## पाठ्यपुस्तकमा ढिलाई नहोस्

सामुदायिक विद्यालयका विद्यार्थीका लागि सरकारले निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने गरेको छ । शिक्षालाई निःशुल्क बनाउने सरकारी दायित्व निर्वाह गरेको देखाउनकै लागि सरकारले निःशुल्क पाठ्यपुस्तक वितरण गर्दै आएको छ । देशभर सबै सामुदायिक विद्यालयका विद्यार्थीका लागि एकै गुणस्तर र एउटै पाठ्यपुस्तक उपलब्ध गराउनु सकारात्मक कार्य भए पनि निःशुल्क पाठ्यपुस्तकलाई लिएर सधैंजसो सरकारको आलोचना हुने गरेको छ । सरकारले निःशुल्क वितरण गर्ने पाठ्यपुस्तक कम गुणस्तरको कागजमा छापिने, पुस्तकको कभर तथा ब्याण्डिङ बलियो नहुने, पुस्तकमा छापिएका अक्षर तथा चित्रहरु राम्रोसँग बुझ्न नसकिनेजस्ता पाठ्यपुस्तकको गुणस्तरसँग सम्बन्धित गुनासा व्यापक आउने गरेका छन् । अझ समयमा विद्यार्थीले पाठ्यपुस्तक पाउन नसकेको मात्र नभई सरकारले आवश्यक संख्यामा पाठ्यपुस्तक छापेर वितरण गर्न नसकेको सम्म समाचारहरु सार्वजनिक हुने गरेका छन् । चालु शैक्षिक सत्रमा पनि निर्वाचनको मतपत्र छपाई गर्नुपरेको भन्दै समयमा पाठ्यपुस्तक छाप्न नसकेको यथार्थ लुकेको छैन ।

अहिले विद्यालय तहको अन्तिम परीक्षा चलिरहेको छ । अबको एक महिना पनि नहुँदै नयाँ शैक्षिक सत्र सुरु हुन्छ । वैशाखदेखि सुरु हुने शैक्षिक सत्रका लागि अहिलेसम्म जिल्लाजिल्लामा पाठ्यपुस्तक पुगिसक्नुपर्ने अवस्थामा सरकारले वितरण नै सुरु गरेको छैन । यस वर्ष पनि सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समयमा पाठ्यपुस्तक छाप्न नसक्ने देखेरै सरकारले कक्षा ५ सम्मको पाठ्यपुस्तक छपाई तथा बिक्री वितरणको जिम्मा निजी छापाखानाहरुलाई दिइसकेको छ । यति हुँदा पनि विद्यालय तहका कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक शैक्षिक सत्र सुरु हुनेबित्तिकै विद्यार्थीको हातमा पुग्ने हो कि होइन भन्ने द्विविधा यथावत छ । सामुदायिक विद्यालयका विद्यार्थीले समयमै पाठ्यपुस्तक नपाउनेमात्र नभई पाठ्यपुस्तक बिना नै विद्यार्थीले परीक्षा दिएका समाचार बारम्बार बन्ने गरेका छन् । प्रत्येक वर्षजस्तै समयमै मुलुकका सबै क्षेत्रमा पाठ्यपुस्तक पु¥याउन सरकार असफल भइरहेको छ । हरेक वर्ष आवश्यक पर्ने पाठ्यपुस्तकलाई समयमा छाप्ने र छपाउने व्यवस्था गरेर समयमा वितरण गर्न नसक्ने सरकारले विद्यालय शिक्षामा परिवर्तनको आशा गर्नु बेकार हुनेछ ।

मुलुकको शैक्षिक नेतृत्व निष्प्रभावी र शिक्षा क्षेत्र भद्रगोल बनिदिँदा विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउन सकेका छैनन् । शैक्षिक सत्र सुरु हुन एक महिना पनि बाँकी नभएको अवस्थामा आगामी वर्ष पनि विद्यार्थीहरुले समयमै पाठ्यपुस्तक पाउनेमा विश्वस्त हुने आधार देखिएको छैन । विगतमा विद्यालय तहको सम्पूर्ण पाठ्यपुस्तक छपाई तथा वितरण गर्न सक्षम रहेको जनक शिक्षा पछिल्ला वर्षहरुमा किन असक्षम बनिरहेको छ भन्नेतर्फ सरकारको ध्यान पुगेको छैन । छपाइमा नयाँनयाँ प्रविधि आइसकेको अवस्थामा जनक शिक्षालाई साधन स्रोत सम्पन्न बनाएर सबै पाठ्यपुस्तक समयमा छपाइ गरी वितरण गर्ने व्यवस्था मिलाउनुको सट्टा सरकारले कमिशनको लोभमा निजी क्षेत्रलाई पाठ्यपुस्तक छपाइको जिम्मा दिने गरेको छ । जनक शिक्षाले पनि आफूलाई सक्षम बनाउनुको साटो झिना मसिना कुरामा अल्झिने र कमिशनमै रमाउने गर्दा आम विद्यार्थीले समयमा पुस्तक पाउनबाट वञ्चित हुनु परेको छ ।

मुलुकको विद्यालय शिक्षा भद्रगोल बनिरहेको छ । सरकारले संविधानमै निःशुल्क शिक्षाको व्यवस्था गरेको भए पनि व्यवहारमा देखिँदैन । निःशुल्क शिक्षाको लागि सरकारले विद्यालयमा आवश्यक सबै प्रकारका खर्चको स्रोत सुनिश्चित गर्न सकेको छैन । विद्यार्थीलाई वर्षमा एक सेट पाठ्यपुस्तक त समयमा छापेर वितरण गर्न नसक्ने सरकारले शिक्षा क्षेत्रमा देखिएका अनेकन बेथितिको अन्त्य गर्न सक्दैन । पुस्तक छपाइ र वितरणमा वर्षेनि समस्या हुँदासमेत स्थायी समाधानको उपाय नखोज्ने शिक्षा प्रशासन र सरकारबाट शिक्षामा बढी आशा गर्नु निरर्थक हुनेछ ।

# नेपाली दलितका लागि मार्च २१ को औचित्य सकिएको हो ?



हिरा विश्वकर्मा

सन् १९६० मा दक्षिण अफ्रिकाको सार्पभिल्ले नगरमा रंगभेद विरोधी प्रदर्शनमा उत्रिएका ६९ जना नागरिक अल्पसंख्यकको रंगभेदी गोरा सरकारद्वारा मारिए । उक्त घटनाको विश्वव्यापी विरोध भयो । त्यही घटनाको सम्झनामा संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९६६ मा 'सबै प्रकारका जातीय विभेद उन्मूलन दिवस' मनाउन थालियो ।

यो दिवस मार्च २१ का दिन मनाइन्छ ।

'सबै प्रकारका जातीय विभेदसम्बन्धी महासन्धि' संयुक्त राष्ट्र संघले पारित गरेका ठूला ६ वटा महासन्धिहरू मध्ये एक हो । उक्त महासन्धि नेपालले सन् १९७१ मा अनुमोदन गरेको हो । यस महासन्धिका बारेमा नेपालका दलितहरूलाई धेरै जानकारी थिएन, चासो पनि थिएन ।

तत्कालीन राजाबाट राष्ट्रिय सभामा मनोनित सांसद मनबहादुर विश्वकर्माले सन् १९९३ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई प्रश्न सोधेपछि मात्रै यसबारे चासो बढेको हो। त्यसपछि उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतमा नेपालले हरेक दुई वर्षमा राष्ट्रसंघमा प्रतिवेदन पठाउन थाल्यो ।

दलितहरूले उक्त महासन्धिलाई जातीय विभेदका सवालहरूसँग जोड्दै आफ्ना सरोकारहरु अन्तर्राष्ट्रिय समुदाय समक्ष पुऱ्याउन सुरु गरे। नेपाल सरकारले पनि मूलतः दलितहरूले भोगेको जातीय विभेदका सम्बन्धमा राज्यले गरेको सम्बोधन र प्रगति समेटेर प्रतिवेदन पठाउने गरेको छ ।

महासन्धिको प्रावधानअनुसार प्रतिवेदन सरकारी तथा गैरसरकारी दुबै क्षेत्रबाट पठाउन सकिने भएकाले 'दलित नागरिक समाज' ले पनि छुट्टै प्रतिवेदन पठाउने गरेको थियो । सोही प्रतिवेदन हेरेर 'सर्ड कमिटी' ले नेपाल सरकारको प्रतिवेदन उपर प्रश्न गर्थ्यो र सुझावहरु पनि दिन्थ्यो । अहिले त्यो क्रम लगभग बन्द छ ।

महिला अधिकारमा मार्च ८ को 'अन्तर्राष्ट्रिय महिला दिवस' र मजदुर अधिकारमा मे १ को 'मजदुर' दिवसको जत्तिकै महत्व छ दलित अधिकारमा मार्च २१ को 'सबै प्रकारका जातीय विभेद उन्मूलन दिवस' को पनि । नेपाल सरकारले मार्च ८ र मे १ का दिन ससम्मान सार्वजनिक बिदा दिने गरेको छ ।

यता 'सबै प्रकारका जातीय विभेद उन्मूलन दिवस' लाई सरकारले बेवास्ता गरेको छ । सार्वजनिक बिदा त परको कुरा । कहिलेकाहीँ कुनै प्रधानमन्त्रीले एउटा शुभकामना सन्देश दिने गरेका हुन् तर नियमित होइन ।

खास गरी २०६२/६३ को आन्दोलनपछि पहिचानको मुद्दा प्रखर भएर अगाडि आएको हो । त्यसमा नेपालका प्रायः सबै जनजाति समूह र धार्मिक समूहहरुले महत्व पाएका छन् । एक प्रतिशतभन्दा पनि कम जनसंख्या भएका समुदायको चाडमा पनि सार्वजनिक बिदा हुने गरेको छ ।

देशमा दलितको जनसंख्या १४ प्रतिशत छ । यति ठूलो समुदायको अधिकार सँग प्रत्यक्ष सरोकार राख्ने 'सबै प्रकारका जातीय विभेद उन्मूलन दिवस' प्रति भने सरकार उदासीन छ । कतिसम्म भने दलित समुदायले आयोजना गर्ने सार्वजनिक समारोहमा मुख्य अतिथि पाउन पनि सकस हुने गरेको छ ।

यसपालि हुने भनिएको कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' आउने भनेर प्रचार गरिएको छ । उनले केही महत्वपूर्ण घोषणा गर्नेछन् पनि भनिएको छ। साँच्चै यस्तो भएछ भने सबैले पत्याऊलान् ।

हाल नेपालको दलित आन्दोलन अत्यन्त शिथिल र निराशाजनक अवस्थाबाट गुज्रिरहेको छ । केही दातृ समुदायले सहयोगमा केही सभा र गोष्ठीहरु हुन्थे । अहिले त त्यस्तो सहयोग पनि लगभग बन्द छ । नेपालका तीन सयभन्दा धेरै गैरसरकारी संस्थाहरूको छाता संस्था 'दलित गैरसरकारी संस्था महासंघ' पनि आर्थिक सहयोगको अभावमा भूमिकाविहीन जस्तो भएको छ ।

महासंघका पदाधिकारीहरुले हारगुहार गरेर २१ मार्च मनाउने बिडोलाई निरन्तरता दिने प्रयास भएको छ तर सधैं प्रमुख अतिथि पाउनु फलामको चिउरा चपाउनु सरह हुने गरेको छ । यस वर्ष 'सबै प्रकारका जातीय विभेद उन्मूलन दिवस' को ५७औं वर्ष परेको छ । हामी नेपाली दलित अधिकारकर्मीहरुले मनाउन थालेको पनि ३० वर्ष हुन लागेको छ ।

मानिसको जीवनमा ३० वर्ष छोटो समय होइन । यस अवधिमा हामीले के पायौं ? यो दिवसको घिडकिसो बोक्ने कि नबोक्ने ?

यी प्रश्नहरु खडा भएका छन् ।

हिन्दीमा एउटा उखान छ- जब किसिको नहीँ पडी तो हमे भी क्या !

सरकार र राज्य व्यवस्थाले घोर उपेक्षा गर्ने, नेपालमा कार्यरत संयुक्त राष्ट्र संघको संरचना र बजेटले पनि बेवास्ता गर्ने अनि दलित अधिकार फैलिनुको सट्टा झन् खुम्चिँदै जाने हो भने कसका लागि किन दिवस मनाउने भन्ने प्रश्न गर्ने बेला भएको छ ।

गत वर्ष राष्ट्रिय दलित आयोगले तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्र श्रेष्ठलाई प्रमुख आतिथि बनाएर २१ मार्चलाई सम्झनेसम्मको काम गरेको थियो। राज्यको एउटा अंग दलित आयोगले पनि सरकारी खर्चमा उक्त दिवस मनाउन थाल्यो भन्ने सन्देश गएको थियो ।

सुन्नमा आएअनुसार यसपालि चाहिँ खर्च कटौतीका नाममा उक्त दिवसका लागि छुट्याइएको रकम अर्थ मन्त्रालयले शून्य बनाइदिएको छ ।

नेपालमा दिनहुँजसो दलितमाथि हिंसा र मानवअधिकार हननका अनेक घटना हुने गर्छन् तर नगन्यले मात्रै देशव्यापी चर्चा पाउँछन् । हालै सिरहा जिल्लाको भवानीपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले दिवंगत आमाको तेह्रौं पुण्यतिथिमा पाँच हजार मानिसलाई भोज खुवाउने क्रममा जात र धर्मअनुसार अलग-अलग व्यवस्था गरेर चरम जातीय विभेदको नमूना पेस गरे । उनी राजनीतिक तथा सार्वजनिक व्यक्ति हुन् । यस्तो विभेदमा समेत राष्ट्रिय दलित आयोग मुकदर्शक बन्यो । दोषीलाई कारबाहीका लागि प्रेस विज्ञप्ति निकालेर चित्त बुझायो ।

यस्तो गम्भीर घटनामा आयोगका पदाधिकारीहरु आफैं घटनास्थल पुगेर त्यसको अनुगमन गर्ने र दोषीमाथि कारबाहीको पहल गर्ने लगायतका काम गर्नुपर्ने थियो । यस्तो देखिएन । आयोग भूमिकाविहीन भएर बस्यो । यसरी भूमिकाविहीन हुनुमा फिल्डमा पुग्ने बजेट अभाव नै मुख्य कारण हो । सरकारले आयोगलाई हातखुट्टा बाँधेर पौडी खेल जाऊ भन्ने व्यवहार गरेको छ ।

सरकारले २०२० मा सर्डका लागि पठाएको प्रतिवेदनमा दलितका लागि विभिन्न संवैधानिक र कानुनी व्यवस्था गरेको भन्नेबाहेक दलितको आर्थिक, सामाजिक तथा राजनीतिक उन्नतिका लागि के के काम भयो भन्ने केही पनि लेखिएको थिएन । प्रतिवेदनमा जातीय विभेदसँग असम्बन्धित लैंगिक अधिकार, चेलीबेटी तथा मानव बेचबिखन र आप्रवासीहरूको अधिकारको क्षेत्रमा भएका केही कामबारे उल्लेख गरिएको थियो ।

...बाँकी पृष्ठ ३ मा

# फाइबर के हो, यसले कसरी पेट सफा गर्छ ?



प्रतिमा सेन केसी (पोषणविद्)



जब जब स्वस्थ खानपानको कुरा आउँछ, फाइबर छुट्दै छुट्दैन । भनिन्छ, 'फाइबरयुक्त खानेकुरा खानुपर्छ।' फाइबर एक प्रकारको कार्बोहाइड्रेट हो, जुन वनस्पतिजन्य खानेकुराबाट पाइन्छ ।

यो मुख्यतया फलफूल तथा सब्जीहरु मार्फत पाइन्छ, जुन हाम्रो शरीरमा पच्न सक्दैन । फाइबर पचाउन नसकिने भएपनि यसले हाम्रो पाचन प्रक्रियामा सुधार गर्छ । फाइबर मुख्यतया दुई प्रकारको हुन्छ, घुलनशील र अघुलनशील ।

### घुलनशील फाइबर

यो फाइबर पानीमा घुलनशील हुन्छ । जुन पानीसँग मिसिएर हाम्रो पाचन प्रणालीमा जेल जस्तो पदार्थ बनाउँछ, जसले पाचनमा मद्दत गर्छ । यसले र गतमा कोलेस्टेरोल र ग्लुकोजको मात्रा कम गर्छ । घुलनशील फाइबर तौल घटाउन पनि उपयोगी हुन्छ । मुख्य रुपमा सिमी, स्याउ, गाजर, जौ आदिमा पाइन्छ ।

### अघुलनशील फाइबर

यस प्रकारको फाइबर पानीमा घुलनशील हुँदैन, त्यसैले यो पाचन प्रणालीमा टाँसिन्छ । यो पेट भर्न अर्थात् भोक शान्त गर्न प्रयोग हुन्छ । यसले दिसाको मात्रा बढाउँछ र दिसा उत्सर्जनलाई बढावा दिन्छ । जसले गर्दा कब्जियत, पायल्सको समस्या हुन दिंदैन । अघुलनशील फाइबर गहुँको चोकर, नट र तरकारी आदिमा पाइन्छ ।

### फाइबरको स्रोत

गहुँको चोकर, खैरो चामल, ड्राइ फ्रुट्स, गेडागुडी, हरियो तरकारी, बोक्रासहितको फलफूल, सलाद, सम्पूर्ण अन्न, ओट्स, चियासिड र आलस फाइबरको राम्रो स्रोत हो ।

### फाइबरले पेटमा के काम गर्छ ?

घुलनशील फाइबर पानीमा घुल्छ । यो पानीसँग मिसिएर हाम्रो पाचन प्रणालीमा जेल जस्तो पदार्थ बनाउँछ, जसले पाचनमा मद्दत गर्छ । अघुलनशील फाइबर पाचन प्रणालीमा टाँसिन्छ । यो पेट भर्न अर्थात् भोक शान्त गर्न प्रयोग हुन्छ । यसले दिसाको मात्रा बढाउँछ र दिसा उत्सर्जनलाई बढावा दिन्छ । जसले गर्दा कब्जियत र पायल्सको समस्या हुन दिंदैन ।

फाइबरको सेवन गरेर हामीले क्यालोरी त पाउँदैनौ । तर यो हाम्रो शरीर लाई आवश्यक पर्छ र स्वास्थ्यको लागि लाभदायक पनि छ ।

### शरीरलाई कति चाहिन्छ फाइबर ?

५० वर्षको उमेरभन्दा कम उमेरका महिलालाई दैनिक २५ ग्राम र पुरुषलाई ३८ ग्राम फाइबर चाहिन्छ । ५० वर्षभन्दा बढी उमेरका महिलालाई दैनिक २१ ग्राम फाइबर भए पुग्छ भने पुरुषलाई ३० ग्राम भए पुग्छ ।

### फाइबर धेरै खाँदा के हुन्छ ?

फाइबर धेरै मात्रामा खाने भनेको एकदमै असामान्य कुरा हो । भेगन डाइट र काँचो खानेकुरा धेरै खाने व्यक्तिले मात्र फाइबरको मात्रा धेरै खान्छन् । फाइबरले हाम्रो शरीरको पानीलाई सोस्ने भएकाले धेरै फाइबर खाँदा कब्जियत हुने, पेट फुल्ने, पेट भारी हुने जस्ता समस्या देखिन्छ ।

### नेपाली खानामा फाइबरको उपस्थिति कति ?

नेपालीले सामान्यतय खाने खानामा फाइबरको उपस्थिति राम्रै पाइन्छ । बिहान सातु खाने गरेका छौं भने यो फाइबरको लागि राम्रो स्रोत हो । त्यसैगरी दाल, भात, तरकारीमा पनि फाइबर हुन्छ । फलफूल र रोटीमा पनि राम्रै फाइबर पाइन्छ । त्यसैले हामी नेपालीले खाने चारै प्रकारका खानामा फाइबरको उपस्थिति राम्रो छ भन्न सकिन्छ ।

तर प्रशोधित खाना, जंकफुड र फास्टफुड मात्रै खाने बानी छ भने चाहिं त्यो लाभदायक हुँदैन । त्यसमा फाइबरको मात्रा हुँदैन ।

फाइबरको कमीले शरीरमा मोटोपन, कब्जियत, ग्यास, पेट सम्बन्धी अल्सर जस्ता रोगको जोखिम हुन्छ । आन्द्राको क्यान्सर, पायल्स, मुटुरोग पनि फाइबरको कमीले हुन सक्छ ।

(स्रोतः अनलाईनखबर)

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : स्वास्थ्य कमजोरी र स्वास्थ्यमा समस्या योग छ । |
| **वृष** | : आँटे ताकेका काममा समय व्यतित होला । |
| **मिथुन** | : भोग-विलास र आनन्दमा समय खर्च हुने समय छ । |
| **कर्कट** | : अध्ययन-अध्यापनमा समय व्यतित हुने समय छ। |
| **सिंह** | : चिन्ताले मानसिक शान्तिमा बाधा योग देखिन्छ । |
| **कन्या** | : अनावश्यक साईनो गाँसी नजिकिनेसँग सजगता । |
| **तुला** | : स्वास्थ्यमा क्रमशः सुधार प्राप्त हुने समय योग छ। |
| **वृश्चिक** | : सकभर बोलीलाई नियन्त्रण गर्दा राम्रो होला । |
| **धनु** | : धन-मान र प्रतिष्ठामा विकार हुने योग छ । |
| **मकर** | : बाद-विवादको काममा सफिईने समय योग छ । |
| **कुम्भ** | : गरेका कामहरु सफल हुने समय योग देखिन्छ । |
| **मीन** | : लेखाई-पढाईका काममा सरिक भईने समय योग छ । |

# उपमहानगरपालिकाले हामीलाई बेवास्ता गर्‍यो

राष्ट्रिय प्रजातान्त्रिक यातायात मजदुर संघ मकवानपुरको शनिबार सम्पन्न अधिवेशनले काजीमान तितुङलाई सर्वसम्मत अध्यक्ष चयन गरेको छ । तीनपाङग्रे सार्वजनिक यातायात मजदुरको नेताको रुपमा निर्वाचित तितुङसँग समृद्ध समाजका सहकर्मी बसन्त भण्डारीले यातायात मजदुरको समस्या, अबको योजना र तीनपाङ्ग्रे यातायातको क्षेत्रमा रहेको बेथितिका विषयमा गर्नुभएको कुराकानीको सम्पादित अंश:



**काजीमान तितुङ, नेता तीनपाङ्ग्रे सार्वजनिक यातायात मजदुर**

समाजः यातायात मजदुरको समस्या समाधानका लागि निर्वाचित भइसकेपछि तपाईंको योजना के छ ?

**तितुङः** हाम्रो पनि ड्युटी सडकमै भएकाले सुरुमा सुरक्षाकर्मीहरुसँग परिचयात्मक कार्यक्रम गर्छौं । त्यसपछि हामी सम्बन्धित निकायहरुसँग समन्वय गर्छौं ।

समाजः तीनपाङ्ग्रे सवारीका मुख्य समस्या के-के छन् ?

**तितुङः** स्टिकर प्रणाली नै मुख्य समस्या भएको छ । तर हामी त्यो प्रणालीको समर्थनमा छौं ।

समाजः तपाईंहरुको स्टिकर प्रणालीको कस्तो समर्थन हो ?

**तितुङः** हटाउनेमा समर्थन त छ तर हाम्रो माग राज्यलाई कर तिरेर उपमहानगरपालिकाभित्र बसेर चलाइरहेको र यहिँ दर्ता भएको गाडीहरुको सेवा सुविधा दिनुस् । के दिने त ? राज्यको मापदण्ड के छ ? उहाँहरुले हटाउने भन्दैमा हामीले त्यसै हटाउने कुरा पनि भएन । हटाउने भन्नेचाहिँ प्रस्ताव आउने तर कसरी हटाउने भन्ने कुरा उहाँहरुले निष्कर्ष निकाल्नु भएन ।

समाजः मजदुरहरुको माग के हो ?

**तितुङः** एक नम्बरमा स्टिकरमा लफडा छ, त्यो समस्या समाधान होस् । दोस्रोमा बारा, पर्सा, चितवनलगायत जिल्लाभन्दा बाहिरका गाडीहरुलाई नियन्त्रण होस् भन्ने हाम्रो माग छ ।

समाजः उपमहानगरपालिकासँग तपाईंहरुको समन्वय भएको छैन ? किन भएन ?

**तितुङः** छैन । हामीलाई सानो मान्छे देखेर उहाँहरुले हामीलाई समन्वय गर्न बोलाउनु भएन । हामी जाँदा पनि गेटबाटै फर्काइयो ।

समाजः समाधान कसरी हुन्छ त ?

**तितुङः** उपमहानगरपालिकाले हामीसँग समन्वय गर्ने हो भने यो समस्याको समाधान एकदम सजिलो छ । तर, यहाँ राजनीतिक र आर्थिक चलखेलले गर्दा उपमहानगरपालिकाले हामीलाई एकदम बेवास्ता गर्नुभएको छ ।

# फापरबारीमा रामनवमी मेला हुने

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा ४ दिने रामनवमी मेला हुने भएको छ । आगामी चैत १३ गतेदेखि १६ गतेसम्म बागमती–८, फापरबारीस्थित रामजानकी मन्दिरमा मेला हुने भएको मेलाका संयोजक खड्कबहादुर पुलामीले जानकारी दिनुभयो ।

मेलाको तयारी पूरा भएको संयोजक पुलामीले बताउनुभयो । स्थानीय धार्मिक मेला र व्यापारलाई प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गरिएको उहाँले बताउनुभयो । २०३३ सालदेखि वार्षिकरुपमा हुँदै आएको उक्त मेला कोरोना महामारीपछि सञ्चालन हुन सकेको थिएन ।

मेलामा राष्ट्रिय तथा स्थानीय कलाकारहरुले प्रस्तुति दिने पुलामीले बताउनुभयो । मेलामा फापरबारी स्थानीय डान्सिङ आइडल कम्पिटिसन पनि हुने उहाँले बताउनुभयो । मेलामा निःशुल्करुपमा अवलोकन गर्न सकिने जनाइएको छ ।

# बाँझोडाँडाका ३५ घरधुरीलाई झुल वितरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१ स्थित बाँझोडाँडाका ३५ घरधुरीलाई झुल तथा सरसफाइ सामग्री वितरण गरिएको छ । मंगलबार झुल, हार्पिक, सेनेटरी प्याडलगायत स्वास्थ्य तथा सरसफाइ सामग्री वितरण गरिएको हो ।

हेटौंडा लेडी जेसीजको आयोजनामा सामग्री वितरण गरिएको हो । कार्यक्रम संयोजक कुशु पण्डितको संयोजकत्वमा सामग्री वितरण गरिएको बताइएको छ । हेटौंडा लेडी जेसीजको वर्ष २०२३ को बोर्ड सल्लाहकार पवनकुमार कंसाकार र राजदेव बानियाँले सामग्री सौजन्य गर्नुभएको हो ।

हेटौंडा लेडी जेसीज अध्यक्ष दीलमाया घर्तीको सभाध्यक्ष तथा हेटौंडा–१ का वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यमा सामग्री वितरण गरिएको हो । कार्यक्रममा वडा सदस्यहरु ईश्वरी रसाइली, मनु दाहाल रामकृष्ण अधिकारी, हेटौंडा जेसीजका उपाध्यक्ष विकेशलाल श्रेष्ठ, बोर्डका पदाधिकारी सरस्वती थिङ केसीलगायतको उपस्थिति थियो ।

# कांग्रेसलाई अब गल्ती गर्ने छुट छैनः नेता कोइराला

काठमाडौंः नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले कांग्रेसलाई अब गल्ती गर्ने छुट नरहेको बताउनुभएको छ । मंगलबार काठमाडौंमा आयोजित 'नागरिक स्वतन्त्रताका लागि गिरिजाप्रसाद कोइरालाको योगदान' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

नेता कोइरालाले नेपाली कांग्रेस अब केही दिनभित्र नै सरकारमा गइरहेको उल्लेख गर्दै कुनै किसिमको कमजोरी कांग्रेसबाट हुन नहुने बताउनुभयो । उहाँले अहिलेको परिस्थितिलाई कांग्रेसले गम्भीररुपमा नियालिरहेको उल्लेख गर्दै १० दलीय गठबन्धनलाई सफल बनाउने जिम्मा कांग्रेसकै काँधमा रहेको जिकिर गर्नुभयो ।

उहाँले भन्नुभयो, 'नेपाली कांग्रेस केही दिनभित्र नै सरकारमा जाँदैछ । अब हामीलाई गल्ती गर्ने छुट छैन । कुनै कमजोरी नेपाली कांग्रेसबाट अब हुन हुँदैन । यी सबै कुरालाई कांग्रेसले गम्भीररुपले लिएको छ । १० दलीय गठबन्धनलाई सम्हालेर अघि बढ्ने जिम्मा नेपाली कांग्रेसलाई छ । यो सरकारलाई राम्रोसँग चलाएर हामी अघि बढ्नुपर्छ ।' नेता कोइरालाले नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा नेपाली कांग्रेस नचुकेको बताउनुभयो । लोकतन्त्रबिना समुन्नत नेपाल बन्न नसक्ने भन्दै मिडियाको जिम्मेवारीलाई गम्भीररुपमा लिएको उहाँको भनाइ छ । (स्रोतः उज्यालो अनलाइन)

# नेपाली दलितका...

सर्ड कमिटीले पनि टिप्पणी गर्ने तथा सुझाव दिने क्रममा शरणार्थीको, त्यसमा पनि पनि तिब्बती शरणार्थीको अधिकारको विषयमा सुझाव दिएको थियो । यी सबै कुराहरूले दलितका लागि 'सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि' तथा मार्च २१ को दिवसको औचित्य समाप्त भएको मेरो ठहर छ ।

वरु अन्तर्राष्ट्रिय रुपमा यो महासन्धिको उपयोग बेलायती सेनामा कार्यरत गोर्खाली सेनाले गरेको देखिन्छ । उनीहरूले बेलायती सरहको अधिकार पाउन लामो संघर्ष गरे, त्यसमा कानुनी लडाइँ प्रमुख थियो । कानुनी लडाईमा उनीहरूले गोर्खालाई रङका आधारमा विभेद गरेको भनेर जिकिर गरे । बेलायत उक्त महासन्धिको पक्षराष्ट्र भएको हुँदा अदालतले अन्य विभिन्न आधारका साथै उक्त महासन्धिसमेतका आधारमा गोर्खाको पक्षमा फैसला दिएको थियो ।

बेलायती सेनामा नेपाली जनजातिहरु धेरै छन् । नेपालका जनजातिहरुले पनि मार्च २१ लाई महत्व दिनुपर्ने थियो तर यसो हुन सकेको छैन ।

दलित समुदायले उक्त महासन्धिबाट अत्यन्त सीमित लाभ पाएका छन् । यस्तो अवस्थामा मार्च २१ को दिवस बोकेर हिँड्नु 'मान न मान, मै तेरा मेहमान' जस्तो मात्रै भएको छ ।

साँच्चै नेपाली दलितका लागि मार्च २१ औचित्यहीन नै भएको हो ? जवाफ खोज्ने बेला भएको छ । (स्रोतः सेतोपाटी)

# दलित समुदायको लागि विशेष कार्यक्रम घोषणा गर्छुः प्रधानमन्त्री प्रचण्ड

काठमाडौंः प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो कार्यकालमा दलित समुदायका लागि विशेष कार्यक्रम घोषणा हुने बताएका छन् । काठमाडौंमा आयोजित सार्वजनिक समारोह कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले आफ्नो कार्यकालमा दलित समुदायका लागि विशेष कार्यक्रम घोषणा हुने बताए ।

उनले आफ्नो यो कार्यकालमा दलित समुदायले सयौं वर्षसम्म सम्झनेगरी केही कार्यक्रम घोषणा गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'अहिले भर्खरै पर्शुरामजीले २० सूत्रीय माग भनेर जे राख्नुभएको छ, मलाई लाग्छ, नेपालको आजको मितिमा, म सधैं भन्दिनँ, आजको दिनमा मैले गर्न सके त्यो अगाडि जान्छ । अरुले गर्ने स्थिति मैले देखेको छैन । त्यसकारण म तपाईंहरुको अगाडि आजको यो ऐतिहासिक दिनमा के घोषणा गर्न चाहन्छु भने मेरो यो कार्यकालमा दलितहरुले भविष्यसम्म, सयौं वर्षसम्म सम्झिनेगरी केही घोषणा म गर्दैछु । म गर्नेछु । यो विश्वास र प्रतिबद्धता म तपाईंहरुको अगाडि व्यक्त गर्न चाहन्छु ।'

उनले दलित समुदायका माग र मुद्दाहरुको सम्बोधन अहिलेको परिस्थितिमा आफूले बाहेक अरुले गर्न नसक्ने पनि बताए । प्रधानमन्त्री दाहालले दलित समुदायको हक र अधिकारको निम्ति सिंगो राज्य र राज्यका निकायहरु जिम्मेवारपूर्ण हुनुपर्नेमा सरकार स्पष्ट रहेको बताए । उनले दलित समुदायको विकास र उन्नतिका लागि राज्यले क्षतिपूर्तिसहितको विशेषाधिकार दिनुपर्ने बताए ।

उनले भने, 'विभेद ज्यादती र उत्पीडनमा परेको दलित समुदायको हक, अधिकारको निम्ति सिंगो राज्य र यसका निकायहरु जिम्मेवारपूर्ण ढंगले प्रष्ट हुनुपर्दछ भन्ने तथ्यमा नेपाल सरकार स्पष्ट छ ।' त्यस्तै सकारात्मक विभेदको प्रक्रियाबाट मात्रै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समानताको आधारशीला खडा गर्न सकिने उनको भनाइ छ । यसका निम्ति आवश्यक भूमिका खेल्न सरकार प्रतिबद्ध रहेको उनले बताए । (स्रोतः अनलाइनखबर)

# आजदेखि मौसममा सुधार आउने

काठमाडौंः आज बुधबारदेखि मौसममा क्रमिक सुधार हुँदै जाने मौसमविद्ले बताएका छन् । हाल देशभर सामान्यदेखि पूर्ण बदली रही केही स्थानहरुमा मेघ गर्जन र चट्याङसहित वर्षा भइरहेको छ ।

वर्षासँगै चिसो महसुस पनि भइरहेको छ । यसबाट कतिपय जिल्लाको जनजीवन प्रभावित भएको छ । हिजोआजको तुलनामा बुधबारदेखि भने मौसम सफा हुने वरिष्ठ मौसमविद शान्ति कँडेलले जानकारी दिइन् । 'पानी पर्दै नपर्ने होइन, तर हिजो र आजको तुलनामा कम पानी पर्छ', कँडेलले भनिन् ।

अहिले प्रिमनसुन सिजनको समय छ । यही बेला स्थानीयस्तरमा विकसित भएको प्रणालीसँगै अरब सागर र बंगालको खाडीबाट आएको जलवाष्पयुक्त वायु पनि मिसिएकाले मेघ गर्जन/चट्याङसहित पानी परेको छ । प्रिमनसुन अघिको समयमा हावाहुरी चल्ने, चट्याङ पर्ने र पानी पर्ने हुन्छ । उच्च हिमाली भेगमा हिउँसमेत पर्ने गर्दछ । केही दिनयता पश्चिमदेखि पूर्वी नेपालसम्मै पानी परिरहेको र उच्च हिमाली भेगमा हिउँ परिरहेका कारण यही हो । त्यसैले यो समयमा सकेसम्म यात्रा नगर्न र यात्रा गर्नैपरे पनि पर्याप्त जानकारी लिन जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

नेपालमा मंसिर १५ गतेदेखि फागुन १५ गतेसम्मको अवधिलाई हिउँद भनिन्छ । तर यस वर्ष फागुन दोस्रो हप्तामा मात्र हिउँदे वर्षा भएको थियो । यस वर्षको हिउँद अवधिभर ३४.२ मिलिमिटर वर्षा हुने अपेक्षा गरिएकोमा औसत ११.७ मिलिमिटर मात्र वर्षा भएको महाशाखाले जनाएको छ । (स्रोतः अनलाइनखबर)

# कलैयामा किसानको प्रदर्शन

वीरगञ्जः बाराका तरकारी किसानले मंगलबार कलैया उपमहानगरपालिकाको कार्यालय घेराउ गर्दै प्रदर्शन गरेका छन् । झण्डै एक सयको संख्यामा भेला भएका किसानले उपमहानगरपालिकाको कार्यालय घेराउ गर्दै प्रदर्शन गरेका हुन् ।

कलैया बजारमा किसानलाई सेड उपलब्ध गराउन र नगर प्रहरीले जफत गरेको तरकारीको क्षतिपूर्ति दिनुपर्ने माग उनीहरुले राखेका थिए । सेडमा ठाउँ नभएपछि कलैया बजारमा बेच्न राखेको हरियो सागसब्जी तथा तरकारी नगर प्रहरीले जफत गरेको उनीहरुको भनाइ छ ।

जफत गरिएको तरकारी किसानलाई बेलैमा फिर्ता दिनुको साटो कुहाएको उनीहरुको गुनासो छ । यसबाट किसानलाई १ लाख भन्दा बढीको क्षति भएको अनुमान छ । उनीहरुका अनुसार नगर प्रहरीले ३ चैतमा ५० जना जति किसानले बिक्रीका लागि राखेको तरकारी जफत गरेको थियो ।

कलैया उपमहानगरपालिका–८ का रोहित चौरसियाले उपमहानगरले किसानलाई क्षतिपूर्ति दिनुको साटो कुहिएको तरकारी लगेर बेच्न भनिरहेको बताए । 'सेड व्यापारीलाई दिएका छन्, हामी किसानलाई तल राखेर तरकारी बेच्न भने, तर नगर प्रहरीले उठाएर ल्याइदियो । पहिला क्षतिपूर्ति दिन्छु भन्थे तर अहिले त्यही तरकारी लगेर बेच भनिरहेका छन्', उनले भने, 'नगर प्रमुखले ७ गतेसम्म सेड खाली गरेर दिन्छु, जफत गरिएको तरकारीको क्षतिपूर्ति दिन्छु भन्थे, अहिले त त्यही कुहिएको तरकारी लगेर बेच भन्दैछन् ।'

उपमहानगरले यसरी किसानलाई दुःख दिने हो भने खेतीपाती छोड्नुपर्ने अवस्था आउने उनको भनाइ छ । 'सेडमा सबै किसानका लागि ठाउँ पुग्दैन, बिसनपुर, शीतलपुरलगायत तीन चार गाउँका किसान मिलेर बसेका थियौं । अब त त्यो पनि छैन । तल बसेर बेचौं भने नगर प्रहरीले उठाउँछ', उनले भने, 'किसानले के गर्ने ? हामी खेतीपाती छोडिदिउँ ?'

किसानको मागको सुनुवाइ नभए थप आन्दोलनका कार्यक्रम अघि सार्ने चेतावनी उनीहरुले दिएका छन् । मेयर विनोद साहले समस्या समाधानका लागि वार्ता गर्ने बताएपछि प्रदर्शनमा उत्रिएका किसानहरु फर्केका छन् ।

(स्रोतः अनलाइनखबर)

# मिसावट गर्ने पेट्रोल पम्पलाई ८ लाख जरिवाना

पोखराः डिजेल र पेट्रोल मिसावट गरी बेच्ने स्याङ्जा बाङखोलाको पेट्रोल पम्प सञ्चालक र कर्मचारीलाई ८ लाख २० हजार रुपैयाँ जरिवाना भएको छ । स्याङ्जा पुतलीबजार नगरपालिका–३ को नेपाल पेट्रोलयुब प्रालिले बिक्री गरेको पेट्रोलमा मिसावट पुष्टि भएपछि जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जरिवाना र क्षतिपूर्ति तिराएको हो ।

२७ पुसमा ३ बजेपछि पेट्रोल भरेर गएका मोटरसाइकल तथा टेम्पोमा धमाधम स्टार्ट बन्द हुने, इन्जिनमा समस्या देखिएपछि प्रशासनमा उजुरी गरेका थिए । करिब ४० जनाको उजुरीपछि प्रशासनले पेट्रोल पम्प शिल गरी एक सञ्चालक र एक कर्मचारीलाई पक्राउ गरेको थियो । सञ्चालक कृष्णप्रसाद शर्मा र कर्मचारी सुवास क्षेत्रीलाई पक्राउ गरी हिरासतमा राखेर बाँकी ३ जना सञ्चालकविरुद्ध पनि पक्राउ पुर्जी जारी भएपछि सञ्चालक जनकराज शर्मा, भवगती शर्मा, सम्झना नेपाल शर्माले पनि आत्मसमर्पण गरेका थिए । उनीहरुलाई ३ दिन हिरासतमा राखी २/२ लाख रुपैयाँ धरौटीमा छाडेर र मुद्दा अगाडि बढाइएको थियो ।

घटनालगत्तै नेपाल आयल निगम गण्डकी प्रादेशिक कार्यालय पोखरालाई ल्याब टेस्ट गरेर पठाउन भनिएको थियो । निगमले पेट्रोलमा हुनुपर्ने गुणस्तर कायम नभएको रिपोर्ट दिएको थियो । निगमको रिपोर्टलाई समेत आधार मानेर कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ अनुसार झुक्याइ बिक्री वितरण गरेको कसुरमा पेट्रोल पम्प सञ्चालकलाई प्रशासनले दोषी ठहर गरेको प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेले जानकारी दिए ।

'चार जना सञ्चालकलाई जनही १ लाख ८० हजार र कर्मचारीलाई १ लाख गरी ८ लाख २० हजार जरिवाना गरेका छौं भने अपराध पीडित राहत कोषमा पनि कुल जरिवानाको ४ प्रतिशत उनीहरुले नै जम्मा गर्नुपर्नेछ', सिडिओ घिमिरेले भने । प्रशासनले शिल गरेको १ हजार ९१० लिटर मिसावटयुक्त इन्धन मंगलबार नष्ट गरिएको छ । (स्रोतः अनलाइनखबर)

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**


## मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७




# अन्तरपालिका फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा




समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको मकवानपुर जिल्लास्तरीय अन्तर पालिका फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । मंगलबार क्वाटरफाइनलअन्तर्गत्का दुई खेल सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

मंगलबार भएको खेलमा साविक विजेता थाहा नगरपालिकालाई हराउँदै बागमती गाउँपालिका सेमिफाइनलमा प्रवेश गरेको छ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा बागमतीले थाहालाई ट्राइब्रेकरमा ३-२ गोलअन्तरले हराएको हो ।

निर्धारित खेल समय २-२ गोलको बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । बागमतीले अब फाइनल प्रवेशका लागि बिहिबार मकवानपुरगढी गाउँपालिकासँग खेल्नेछ । गढी, इन्द्रसरोवर गाउँपालिकालाई हराएर सेमिफाइनल प्रवेश गरेको थियो ।

मंगलबार भएको पहिलो खेलमा मनहरी गाउँपालिकालाई हराउँदै भीमफेदी गाउँपालिका सेमिफाइनलमा प्रवेश गरेको छ । भीमफेदीले मनहरीलाई ट्राइब्रेकरमा ५-४ गोलले हराएको हो । निर्धारित खेल समय ३-३ गोलको बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । भीमफेदीले अब फाइनल प्रवेशका लागि बुधबार साविक उपविजेता हेटौंडा उपमहानगरपालिकासँग खेल्नेछ । हेटौंडा यसअघि बकैया गाउँपालिकालाई हराएर सेमिफाइनल प्रवेश गरेको थियो ।

प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ । प्रतियोगिताको विजेताले नगद २ लाख रुपैयाँ प्राप्त गर्नेछन् भने उपविजेता टिमले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# मनहरीमा युवा तथा बालमैत्री सूचना केन्द्र

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिका वडा नं ७ मा युवा तथा बालमैत्री सूचना केन्द्र स्थापना भएको छ । प्लान नेपालको आर्थिक सहयोग र ग्रामीण जागरण विकास कोष मकवानपुर तथा संयुक्त राडो नेपालको आयोजनामा सूचना केन्द्रको स्थापना भएको हो ।

मनहरी गाउँपालिका वडा नं ७ को वडा अध्यक्ष ठाकुरराम तितुङको प्रमुख आतिथ्य र बाल सञ्जालका अध्यक्ष मनिष लोको सभाध्यक्षतामा सूचना केन्द्र उद्घाटन गरिएको छ । सूचना केन्द्रमा एक थान ५५ इन्चको टेलिभिजन, एक थान कम्प्युटर, एक थान प्रिन्टर गरी दुई लाख रुपैयाँ बराबरको सामग्री सहयोग भएको राडो नेपालका सामाजिक परिचालक राजु राउतले जानकारी दिनुभयो ।

मनहरी गाउँपालिका-७ मा रहेको बाल संस्थाले सञ्चालन गरेको पुस्तकालयको समेत सञ्चालन गर्ने गरी सूचना केन्द्र स्थापना गरिएको उहाँले बताउनुभयो । उद्घाटन समारोहमा बोल्नुहुँदै मनहरी गाउँपालिका वडा नं ७ का वडा अध्यक्षले सूचना केन्द्र स्थापना राम्रो र प्रभावकारी हुने बताउनुहुँदै युवासँग काम गर्न उत्सुक रहेको र युवाहरु वडासँग साझेदारी गर्न खोजे तयार रहेको बताउनुभयो । मनिष लोको अध्यक्षतामा ११ सदस्यीय युवा तथा बालमैत्री सञ्चालन समितिसमेत गठन भएको राउतले जानकारी दिनुभयो ।

# हेटौंडामा कविता साँझ आयोजना

समाज संवाददाता

हेटौंडाः विश्व कविता दिवसका अवसरमा हेटौंडामा कविता साँझको आयोजना गरिएको छ । मंगलबार हेटौंडा-५, भैरवरोडमा रहेको किताब घरले कविता साँझको आयोजना गरेको हो । कविता साँझमा १० जना कविले १/१ वटा कविता वाचन गर्नुभएको छ ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले उद्घोषण गर्नुभएको कार्यक्रममा कवि समर्पण न्यौपानेले अहंकारको आयु शीर्षकमा कविता वाचन गर्नुभयो । यस्तै, सानु खनालले अक्षरसँग, सुवास खनालले विकास, सुविज्ञा सुवेदीले तिमी कता हरायौ, स्वस्तिका दहालले श्रष्टा शीर्षकमा कविता वाचन गर्नुभयो । अनिता न्यौपानेले कठोरता, उमेश तिमल्सिनाले रिक्तता, कृतिका लौडारीले नारी भएकै कारण, मसान उपासकले मातृभूमि र शान्तिप्रिय वन्दनाले प्रश्न शीर्षकमा कविता वाचन गर्नुभयो ।

कवि घनश्याम घिमिरेले वाचित कविताको समीक्षा गर्नुभयो । उहाँले कवितामा व्यवहार, चिन्तन र चेतना हुने बताउनुभयो । तर कविहरुले अध्ययन गरेरभन्दा लहड, संगत र देखासिकीले कविता लेख्ने गरिएको बताउनुभयो । जसले गर्दा प्रायः व्यवहारिक कवितामात्र भएको जानकारी दिनुभयो । व्यवहारसँगै चिन्तन र चेतनाको कविता लेख्न अध्ययनशील कविको जरुरी हुन्छ । कविता बिउ भएको बताउनुहुँदै पात र डाँठले मात्र बीउ नहुने बताउनुभयो । यस्तै, सहभागीहरुले गीत र नाटकसमेत प्रस्तुत गरेका थिए ।

# छोराको पछि छोरीको पढ्ने पालो

जमुना थिङ

विद्यालय तहको वार्षिक परीक्षा र एक वर्षको शिक्षण सिकाइबारे बुझ्न शुक्रबार एक विद्यालय पुगेँ । तर दुई पटक विद्यालय पुग्दा विद्यालयका प्रधानाध्यापक भने भेटिएनन् । उक्त दिन दिउँसो करिब १२ बजेको समयमा विद्यालयका कर्मचारीसँग बुझ्दा प्रधानाध्यापक घरमा खाना खान पुग्नुभएको छ भन्नुभयो ।

प्रधानाध्यापकसँगको विषय रहेकाले अन्य शिक्षकको खोजीनीति गर्नु जरुरी लागेन । घरमा नै प्रअ खानाखान पुग्नु भएकोले समय लाग्छ भन्ने लागेँ । फेरि १ बजे सोही विद्यालय पुगेँ । तर प्रधानाध्यापक भेट्न मुस्किल भयो । सोही बेला पढाइको समग्र विषय तथा वार्षिक परीक्षाको तयारीबारे बुझ्न विद्यार्थीतिर लागेँ । जसमा छोराछोरीको साथमा एक अभिभावकलाई देखेँ ।

धिरेन्द्रकुमार यादवले छोराको पढ्ने पालो आएपछि छोरीको पढ्ने पालो आएको बताउनुभयो । हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयको बाल विकास केन्द्रमा अध्ययनरत सुवासकुमार यादव र सुगन्धकुमारी यादवकी बाबुले यस्तो बताउनुभएको हो । सुगन्धकी भाइ सुवासकुमार यादव पनि दिदीसँगै पढ्छन् । ५ वर्षीय छोरा र ८ वर्षीया छोरी एउटै कक्षाकोठामा अध्ययन गरिरहेको जानकारी दिनुभयो ।

छोरा विद्यालयको पोशाकमा थियो भने छोरी विद्यालय पोशाकबिना थियो । पातलो टिसर्ट र चेन बिग्रेको पाइन्टमा विद्यालयमा थिए । पोशाकबिना विद्यालय आएको एक वर्ष भयो सुगन्धले भनिन् । सोही विषयमा जवाफ दिन बाबु धिरेन्द्रले आनाकानी गर्नुभयो । शिक्षकले भने विद्यालय पोशाकमै उपस्थित हुन आग्रह गर्ने गरिएको बताउनुभयो । आफूले ठेला चलाउने गरेको छु, उहाँले भन्नुभयो- 'महिनाको करिब १५-२० हजार रुपैयाँ कमाइ हुन्छ । सहयोगको खाँचो भने हालसम्म छैन', धिरेन्द्रले भन्नुभयो- 'किनकि विद्यालयमा छोराछोरी पढाइरहेको छ । विद्यालयमा पोशाकबिना उपस्थित छोरी आधारभूत आवश्यकताबाट वञ्चित छन् भन्ने विषयमा अभिभावक जानकार देखिन्न ।'

यस्तै, घरमा सबैभन्दा बढी समय छोराछोरीले बिताउने गर्छन् । जसले गर्दा पहिलो विद्यालय घर हो भनेर अभिभावकलाई बुझाउन विद्यालयले अहिलेसम्म सकिरहेका छैनन् । बालबालिकालाई घरमा पढ्ने वातावरण निर्माण हुन सकेका छैनन् । यसले हालसम्म छोराछोरीबीचको विभेद मधेसी समुदायमा देखिन्छ ।

# श्रमिक माविमा शैक्षिक सुधार सम्बन्धी अन्तरक्रिया



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयमा शैक्षिक सुधार सम्बन्धी अन्तरक्रिया भएको छ । सोमबार विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक र कर्मचारीबीच विद्यालयको शैक्षिक सुधारसम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको विद्यालयका प्रधानाध्यापक श्रीराम दहालले जानकारी दिनुभयो ।

नयाँ शैक्षिक सत्र सुरु हुन लागेसँगै विद्यालयमा शैक्षिक क्षेत्रको विकासका लागि कार्यक्रम गरिएको प्रधानाध्यापक दहालले जानकारी दिनुभयो । कक्षा १० सम्म अध्यापन हुने विद्यालयमा ४ सय २७ जना विद्यार्थी छन् । आगामी शैक्षिक सत्रसम्म विद्यालयले २ सय जना विद्यार्थी थप गर्ने योजना लिएर विद्यालय अगाडि बढेको प्रधानाध्यापक दहालले बताउनुभयो ।

विद्यालयमा अभिभावकको मागअनुसार अँग्रेजी माध्यमबाट अध्यापन गराउन सुरु गरेको जानकारी उहाँले गराउनुभयो । अहिले विद्यालयले मण्टेश्वरी, नर्सरी, एक कक्षा र ६ कक्षामा विद्यार्थीहरुलाई अँग्रेजी माध्यमबाट अध्यापन गराउँदै आएको छ । आगामी शैक्षिक सत्रबाट थप तीनवटा कक्षामा अँग्रेजी माध्यमबाट पठनपाठन गराइने उहाँले जानकारी दिनुभयो । कक्षा २, कक्षा ७ र कक्षा ९ मा अँग्रेजी माध्यमबाट अध्यापन गराइने उहाँको भनाइ छ ।

कार्यक्रममा विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम तयार पार्ने, शैक्षिक क्यालेण्डर बनाएर अभिभावकसमक्ष पुर्‍याउने विषयमा छलफल गरिएको दहालले बताउनुभयो । विद्यालयमा भवन निर्माणका लागि ४ नम्बर वडा कार्यालयबाट २३ लाख रकम विनियोजन गरेको दहालले जानकारी दिनुभयो । विनियोजित बजेटबाट भवन निर्माणको कार्य सुरु भइसकेको उहाँले बताउनुभयो ।

वडा कार्यालयले विद्यालयको शैक्षिक सुधारका लागि अघिल्लो शैक्षिक सत्रमा पनि मण्टेश्वरी निर्माणका लागि ५ लाख रुपैयाँ प्रदान गरेको दहालले जानकारी दिनुभयो ।

# आगलागीबाट पाँच लाखको क्षति

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिका-३, सुकौरामा आगलागी हुँदा पाँच लाख रुपैयाँ बराबरको क्षति भएको छ । पञ्चलाल नेगीको घरगोठमा अचानक आगलागी भई पूर्णरुपमा नष्ट हुँदा पाँच लाख बाराबरको क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आगलागीबाट गोठमा बाँधेको ९ वटा खसी र २ वटा माउ बाख्रा गरी ११ वटा खसी बाख्रा र ३ वटा कुखुरा जलेर नष्ट हुनुका साथै घरभित्र रहेको भाँडाकुँडा, लत्ताकपडा सबै जलेर नष्ट भएको थियो । आगलागीबाट मानवीय क्षति नभएको र आगलागी हुनुको कारण नखुलेको प्रहरीले जानकारी दिएको छ ।

# हाजिरीजवाफमा महेन्द्र मावि प्रथम



समाज संवाददाता

हेटौंडाः विज्ञान शिक्षक समाज नेपाल बकैयाले मंगलबार हाजिरीजवाफ प्रतियोगिता आयोजना गरेको छ । आसन्न एसईई परीक्षालाई लक्षित गरी सञ्चालन गरिएको प्रतियोगितामा छतिवनको महेन्द्र माध्यमिक विद्यालय प्रथम भएको छ ।

हाजिरीजवाफ प्रतियोगितामा हात्तीसुँडेमा रहेको बुद्ध माध्यमिक विद्यालय द्वितीय भएको छ । भिरकोटमा रहेको जनक माध्यमिक विद्यालय तृतीय भएको छ । प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरुलाई क्रमशः २ हजार रुपैयाँ, १ हजार ५ सय रुपैयाँ र १ हजार रुपैयाँ नगदसहित पुरस्कृत गरिएको छ । यसैगरी सान्त्वना हुने विद्यालयलाई पनि ५ सय रुपैयाँ नगदसहित पुरस्कृत गरिएको छ ।

एसईई दिने विद्यार्थीका लागि परीक्षाको तयारीस्वरुप विज्ञान विषयको हाजिरीजवाफ गराइएको विज्ञान शिक्षक सुवास खनालले जानकारी दिनुभयो ।

# आँखा अस्पतालबाट करिब एक लाख लाभान्वित

बसन्त भण्डारी

हेटौंडाः हेटौंडा सामुदायिक आँखा अस्पतालले एक वर्षको अवधिमा करिब एक लाख जनालाई सेवा प्रदान गरेको छ । अस्पतालले सन् २०२२ मा ९७ हजार ४ सय ९ जना बिरामीलाई सेवा दिएको हो ।

एक वर्षको अवधिमा हेटौंडा सामुदायिक आँखा अस्पतालले ५ हजार दुई सय ६४ जनाको आँखाको शल्यक्रियासमेत गरेको छ । अस्पतालले सन् २०२२ मा ३ हजार ७ सय ७८ वटा ठूला र एक हजार ४ सय ८६ वटा साधारण शल्यक्रिया गरेको अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।




अस्पतालले एक वर्षको अवधिमा मकवानपुर, बारा, सिन्धुली, रौतहट, सर्लाहीलगायत जिल्लाका ग्रामीण क्षेत्रमा ५९ स्थानमा निःशुल्क आँखा शिविर सञ्चालन गरेकामा १२ हजार तीन सय ३६ जनाले आँखाको निःशुल्क परीक्षण तथा उपचार गराएको व्यवस्थापक श्रेष्ठले बताउनुभयो । ग्रामीण भेगमा पुगेर गरिएको निःशुल्क जाँचपश्चात् शल्यक्रिया गर्नुपर्ने अवस्थाका बिरामीहरुलाई अस्पतालले निःशुल्क सेवा उपलब्ध गराएको थियो । एक हजार ७ सय ३६ सेवाग्राहीले साना तथा ठूला शल्यक्रिया निःशुल्क प्राप्त गरेका थिए ।

गैरनाफामूलक संस्थाका रुपमा सञ्चालित सो अस्पतालमा दैनिक तीन सय जनाको हाराहारीमा आँखाका बिरामीहरु जँचाउन आउने गरेको अस्पतालले जनाएको छ । अस्पतालले आँखा जाँच तथा बिरामीको अवस्था हेरेर शल्यक्रिया गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम लागू भएसँगै बिरामीको चाप बढ्न थालेको र अस्पतालमा आउने बिरामीमध्ये ५० प्रतिशतले स्वास्थ्य बीमामार्फत् सेवा लिइरहेको जनाइएको छ ।

हार्दिक श्रद्धाञ्जली



स्व. कृष्ण कुमारी गुप्ता

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताकी धर्मपत्नी **कृष्ण कुमारी गुप्ता**को असामयिक निधनको खबरले मर्माहत भएका छौं। यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

नेत्रप्रसाद खतिवडा, अध्यक्ष
**एवम् कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ